# उन्नत जातका गाई खरिद तथा प्रर्वद्धन कार्यक्रम सञ्चालन कार्यविधी २०७६

कार्यपालिकाको वैठकबाट स्वीकृत मिति : २०७६।०७।०५

## प्रस्तावना

मरिण गाउँपालिकाको आ.ब. २०७६/०७७ मा स्वीकृत बार्षीक बजेट तथा कार्यक्रममा उन्नत जातका गाई खरिद तथा प्रर्वद्धनका लागि बजेटको ब्यबस्था भएको र पशुपालक कृषकलाई गाईपालन ब्यबसायमा आकर्षित बनाई दुध उत्पादन र उत्पादकत्वमा बृद्धि गर्नुका साथै गाउँपालिकालाई दुध तथा दुग्ध जन्य पदार्थमा आत्मनिर्भर बनाउनको लागि गाउँ कार्यपालिकाबाट स्वीकृत गरि यो कार्यविधि जारि गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ :-** (क) यस कार्यविधिको नाम उन्नत जातका गाई खरिद तथा प्रर्वद्धन कार्यक्रम सञ्चालन कार्यविधी २०७६ रहेको छ ।

(ख) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**(२) परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

(क) **"कार्यविधि"** भन्नाले उन्नत जातका गाई खरिद तथा प्रर्वद्धन कार्यक्रम सञ्चालन कार्यविधी २०७६ लाई सम्झनु पर्नेछ ।

(ख) **"कार्यक्रम"** भन्नाले मरिण गाउँपालिकाको बजेटमा ब्यबस्था भएको उन्नत जातका गाई खरिद तथा प्रवर्द्धन कार्यक्रमलाई सम्झनु पर्नेछ ।

(ग) **"शाखा"** भन्नाले मरिण गाउँपालिकाको पशुविकास शाखालाई सम्झनु पर्नेछ ।

(घ) **"समिति"** भन्नाले मरिण गाउँपालिकाको कृषि विकास समितिलाई सम्झनु पर्नेछ ।

(ङ) **"साझेदार संस्था"** भन्नाले गाई पालक कृषक समुह/सहकारीलाई सम्झनु पर्नेछ ।

(च) **"समुह"** भन्नाले मरिण गाउँपालिका भित्र संचालित गाई पालक कृषक समुहलाई सम्झनु पर्दछ ।

(छ) **"सहकारी"** भन्नाले मरिण गाउँपालिका भित्र संचालित कृषि सहकारी/दुग्ध उत्पादक सहकारी संस्थालाई सम्झनु पर्दछ ।

**(३) उदेश्य :-** उन्नत जातको गाई खरिद तथा प्रवद्धन कार्यक्रमको उदेश्य देहाय बमोजिम रहनेछ ।

(क) ब्यबसायिक रुपमा गाईपालन गरि दुध तथा दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्दै पारिवारिक पोषण सुधारमा सहयोग गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु सिर्जना गरि युवाहरु विदेशिने क्रम न्युनिकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) मरिण गाउँपालिकालाई दुध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउने ।

## परिच्छेद -२
## संस्थागत व्यवस्था

**(४) मुल्याङ्कन समिति :-**

क. प्रस्ताव मुल्याङकन गरी स्वीकृतका लागि सिफारिस गर्न गाउँपालिका स्तरीय कृषि समितिबाट मुल्याङकन समिति गठन गरिनेछ ।

ख. मुल्याङकन समितिमा कृषि समितिका संयोजक अध्यक्ष, गाउँपालिकाको योजना शाखा हेर्ने कर्मचारी सदस्य, अध्यक्षले तोकेको कृषि/पशुपालन सम्बन्धी अनुभव भएको महिला १(एक) जना , कृषक, कृषक समूह तथा कृषि सहकारी प्रतिनिधि सदस्य १(एक) जना र गाउँपालिकाको पशुविकाश शाखा प्रमुख सदस्य सचिव रहने छन् ।

ग. गठित समितिले अनुसुची ४ बमोजिम प्रस्तावको मुल्याङकन गर्नेछ ।

**(५) अनुगमन तथा मूल्याङ्कन :-**

(क) यस कार्यक्रमको अनुगमन तथा मुल्याङकन गाउँपालिका, वडा कार्यालय, गाउँपालिका अनुगमन समिति तथा कृषि समितिबाट समेत गरिनेछ ।

## परिच्छेद -३
## कार्यक्रम संचालन प्रक्रिया

**(६) कार्यक्रम संचालन :-** कार्यक्रम मरिण गाउँपालिका भित्र संचालित गाईपालक कृषक समुह वा सहकारी मार्फत संचालन गरिनेछ । उक्त कार्यक्रमको लागि वढीमा २ वटा गाईपालक कृषक समुह वा सहकारी छनौट गरिनेछ ।

(क) सामुहिक रुपमा गाई पालन गर्नु पर्नेछ ।

(ख) समुह अनिवार्य रुपमा सम्बन्धित तहमा दर्ता भएको हुनु पर्नेछ ।

(ग) गोठ साझेदार संस्थाले बनाउनु पर्नेछ ।

**(७) प्रस्ताब आब्हान :-** कार्यक्रममा सहभागी हुन इच्छुक साझेदार संस्थाले उन्नत गाई फर्म संचालन गर्नका लागि संक्षिप्त कार्ययोजना सहित प्रस्ताब पेश गर्न १५ दिनको अवधि राखि गाउँपालिकाले अनुसुचि १ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

**(८) प्रस्ताब दर्ता :-** दफा ७ बमोजिमको समय अवधिभित्र अनुसुचि २ बमोजिमको ढाँचामा आवेदन एवम कागजातहरु र अनुसुचि ३ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरि गाउँपालिकाको कार्यालयमा प्रस्ताब दर्ता गर्नु पर्नेछ ।

**(९) साझेदार संस्थाको छनौट :-** दफा ४ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसुचि ४ बमोजिम मुल्याङ्कनको आधारमा समुहले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा साझेदार संस्था छनौठ गर्नेछ ।

**(१०) प्रस्तावकलाई जानकारी :-** कार्यालयले संक्षिप्त व्यवसायिक कार्ययोजना छनौट भएको साझेदार संस्थाहरुलाई निर्णय भए लगतै जानकारी गराउनु पर्नेछ ।

**(११) सम्झौता :-** प्रस्ताब स्वीकृत भएको साझेदार संस्थाले जानकारी प्राप्त गरेको मितिले १५ दिन भित्र अनुसुचि ५ अनुसार सम्झौता गर्नुपर्नेछ ।

(क) दफा (११) बमोजिमको समयसिमा भित्र सम्झौता गर्न नआएमा क्रमश दोस्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार संस्थासंग सम्झौता गर्न सकिनेछ ।

(ख) रितपुर्वकको एकमात्र प्रस्ताब दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न बाधा पर्ने छैन ।

(ग) उपदफा (ख) बमोजिम सम्झौता गर्न नआएमा वा रितपुर्वक कुनै पनि प्रस्ताब पर्न नआएमा गाउँपालिकाले उपयुक्त स्थान र समूह/सहकारीलाई गाई पाल्न दिन सक्ने छ ।

## परिच्छेद -४
## आर्थिक पक्ष

(१२)समूह वा सहकारीले गाई पाल्न अनुमति पाएपछि १५ दिन भित्र संख्या अनुसारको गोठ तयार गरेमा त्यस्ता समूह वा सहकारीलाई दुहुना गाई उपलब्ध गराइनेछ । गाईले दुध दिन छाडेपछि त्यस्ता गाईहरुको पालन पोषणमा कमि ल्याउन पाइने छैन ।

**(१३) विषेश प्राथमिकता :-** पिछडिएको क्षेत्र द्वन्द पिडित एकल महिला र विपन्न वर्गका समुदायका कृषकहरुको समुहलाई विषेश प्राथमिकता दिइनेछ ।

**(१४) कारबाहिको ब्यबस्था :-** (१) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाइ कार्यालयले अनुदान रोक्का गर्न सक्नेछ ।

(२) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदानको गाई लिई दुरुपयोग गरेमा त्यस्ता समुह/संस्थाका सदस्यबाट १० प्रतिशत जरिवाना सहित अनुदान गाईको रकम असुल उपर गरिनेछ ।

**(१५) संशोधन :-** यो कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा अड्चन आइ परेमा कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**(१६) प्रचलित कानुन कमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

# अनुसूची १

## (दफा ७ सँग सम्बन्धीत)

उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रम संचालनको लागि संक्षिप्त व्यवसायीक कार्ययोजना आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :- ......................

आ.व. ......................को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातका गाई खरिद तथा प्रर्वद्धन कार्यक्रमको माध्यमवाट स्वरोजगार सृजना गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक गाईपालक कृषक समुह/सहकारीवाट प्रस्ताव आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावक समुह/सहकारीले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल अनुसारका कागजातहरु सहित तोकिएको ढाँचा अनुसारको प्रस्ताव गाउँपालिकाको पशु विकास शाखामा दर्ता गर्नु हुन यो सूचना जारी गरिएको छ । पिछडिएको क्षेत्र द्वन्द पिडित एकल महिला र विपन्न वर्गका समुदाय कृषकहरुको समुहलाई विषेश प्राथमिकता दिइनेछ ।

**तपसिल**

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. समुह/सहकारीमा आवद्ध सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, अनुभव, जग्गा भाडा सम्झौता पत्र, जग्गाधनी पुर्जाको प्रतिलिपि अथवा सार्वजनिक जग्गा/भोगचलनको सिफारीस )

४. समुह सम्बन्धीत निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

५. समुह/सहकारीमा आवद्ध सदस्य पिछडिएको क्षेत्र, द्वन्द पिडित, एकल महिला विपन्न वर्गका समुदाय हो भने सम्बन्धी निकायको सिफारिस पत्र वा प्रमाणपत्र।

६. साविकमा यस शीर्षक सँग मिल्दोजुल्दो अनुदान प्राप्त नगरेको

## अनुसूची २

## (दफा ८ सँग सम्बन्धीत)

उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रम संचालनको प्रस्तावना पत्र पेश गर्ने आवेदन पत्र

मिति :- .............................

श्री प्रमुख प्रशासकीय अधिकृत,
मरिण गाउँपालिकाको कार्यालय,
कपिलाकोट, सिन्धुली ।

**विषय :- उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रममा लागत सझेदारी गर्ने वारे ।**

महोदय,

हामीलाई उन्नत जातका गाई खरिद तथा प्रर्वद्धन कार्यक्रम संचालन गर्न अनुदान प्राप्त गरी कार्यक्रम संचालन गर्ने तिब्र इच्छा भएकोले निम्नानुसारका कागजात राखि निवेदन गरेका छौं । हामीले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धीत गाउँपालिका भित्र रहि कार्य गर्ने छौ भनि यो संक्षिप्त प्रस्तावना पत्र र आवश्यक कागजातहरु संलग्न गरि यो निवेदन गरिएको ब्यहोरा अनुरोध छ ।

**तपसिल**

१. अनुसूची ३ अनुसारको संक्षिप्त ब्यवसायीक कार्ययोजना

२. समुह/सहकारीमा आवद्ध सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

३. अन्य प्रमाणित प्रमाणपत्रहरु (तालिम, अनुभव, जग्गा भाडा सम्झौता पत्र, जग्गाधनी पुर्जाको प्रतिलिपि आदी)

४. समुह सम्बन्धीत निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि

५. समुह/सहकारीमा आवद्ध सदस्य पिछडिएको क्षेत्र, द्वुन्द पिडित, एकल महिला विपन्न वर्गका समुदाय हो भने सम्बन्धी निकायको सिफारिस पत्र

निवेदकको

नाम :-

दस्तखत :-

पद :-

समुह/सहकारी :-

ठेगाना :-

## अनुसूची ३

## (दफा ८ सँग सम्बन्धीत)

उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रमको संक्षिप्त प्रस्तावना पत्र

१. व्यवसायीक समुह/सहकारीको नाम :- सम्पर्क नं. :-

२. ठेगाना :- ...................................................गाउँ/टोल .......नं. वडा गाईपालन गरिने स्थान ...............................................................

३. उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रममा संचालन गरिने कार्य विवरण :

| क्र.सं. | कार्यक्रम | अनदान | सो लगानी | जम्मा |
|---|---|---|---|---|
| १ | गोठ निर्माण (गोठ निर्माण गर्दा भुई पक्की नाली वनाई मुत्र संकलन १० फिट पर कच्ची गोवर पिट, घाँस राख्ने ठाउँ समेत) | | | |
| २ | गाई खरिद (उन्नत नश्लको जर्सी गाई) | | | |
| ३ | घाँस खेती व्यवस्थापन (भुई तथा डाले घाँस) | | | |
| ४ | ढुवानी | | | |
| | जम्मा | | | |

४. गाईपालन सम्बन्धी कार्य गर्ने व्यवसायीले उल्लेखित अनुदान रकम अनुसारको रकम संक्षिप्त प्रस्तावना पत्रमा समावेश गर्नु पर्नेछ ।

५. व्यवसायको संक्षिप्त परिचय वा गाईपालन पद्धति :

६. घाँस खेती गरेको/गरिने क्षेत्रफल :

७. डाले घाँसको किसिम र संख्या :

८. व्यवसायको लागि श्रमको व्यवस्थापन :

(क) समुह/सहकारीका सदस्य : महिला : पुरुष :

(ख) बाहिरबाट : महिला : पुरुष :

९. उत्पादित वस्तुको बजार :

१०. अपेक्षित बार्षिक प्रतिफल :

साझेदार संस्थाको तर्फवाट सहि गर्नेको

नाम :

पद :

दस्तखत :

मिति :

औंठाको छाप : दायाँ बाँया

## अनुसूची ४

## (दफा ९ सँग सम्बन्धीत)

## उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रमको प्रस्तावना वा साझेदार संस्था छनौट गर्दा अपनाईने मूल्याङ्कनका आधारहरु

| क्र.सं. | दर्ता नं. | ठेगाना | प्रस्तावित कार्ययोजना (१५) | व्यवसायको सम्भव्यता/ उपयुक्तता (२०) | घाँस विकास गरेको वा गरिने जग्गाको क्षेत्रफल (२५) | जैविक तथा पर्यावरणिय सुरक्षा विधि (१०) | पिछडिएको क्षेत्र( १०), द्वन्द पिडित( १०), एकल महिला( ५) ,विपन्न वर्गका समुदाय(५) | कुल प्राप्ताङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|

## अनुसूची ५

**(दफा ११ सँग सम्बन्धीत)**

## सम्झौता-पत्र

मरिण गाउँपालिका (यसपछी प्रथम पक्ष भनिएको) र ................................................................. (यसपछी दोस्रो पक्ष भनिएको) उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रम संचालनको लागि देहाय बमोजिम शर्तको अधिनमा रही तोकिएको शर्तहरु पालना गर्ने गरी यो सम्झौता गरिएको छ ।

**शर्तहरु**

१. प्रस्तावित उन्नत जातका गाई खरिद तथा प्रर्बद्धन कार्यक्रम सिन्धुली जिल्ला मरिण गाउँपालिका ... नं. वडा ......................................टोलको .......................................भन्ने ठाउँमा मिति ...............................सम्ममा सम्पन्न गरिनेछ ।

२. प्रस्तावना पत्रमा पेश भए अनुसारको कार्य भएको हुनुपर्नेछ ।

३. अन्तीम भुक्तानी लिन आउदा आवश्यक विल भर्पाई, कार्यक्रमको माइन्युट, कार्यक्रमको फोटो र वडा कार्यालयको सिफारिस आदी आवश्यक कागजात पेश हुनुपर्ने ।

४. सम्झौता मुताविकको कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी दोस्रो पक्षवाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

५. दोस्रो पक्षले कार्यक्रम सन्चालन गर्दा प्रथम पक्षलाई जानकारी दिएर मात्र कार्यक्रम सन्चालन गर्नुपर्नेछ ।

६. प्रथम पक्षले उक्त कार्यक्रमहरुमा खर्च भएको रकम दोस्रो पक्षले पेश भरेको विल भर्पाई आधारमा रु ................................................... सम्म उपलब्ध गराउने छ । नियम अनुसार लाग्ने कर दोस्रो पक्षले ब्यहोर्नु पर्ने छ ।

७. प्रस्तावित कार्यक्रम स्थल सम्झौता मुताविकको भन्दा अन्यन्त्र सारिने छैन, तथापी काबु वाहिरको अवस्थामा स्थान्तरण गर्नु परेमा प्रथम पक्षको लिखित स्वीकृत अनिवार्य रुपमा लिनु पर्नेछ ।

८. प्रस्तावित कार्यक्रम संचालन गरिएको थलोमा ठेगाना तथा सहयोगी निकायको नाम उल्लेखित वोर्ड राख्ने कार्य दोस्रो पक्षले अनिवार्य रुपमा गर्नेछ ।

९. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित नियम कानुन र दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

१०. अनुदानमा खरिद गरिएको गाई र जन्मेका वाच्छी ३ बर्ष सम्म बेच्न पाईने छैन ।

११. साझेदार संस्थाले आफ्नो ब्यवसाय (गाई) को वीमा अनिवार्य गर्नु पर्नेछ ।

१२. उत्पादित बस्तु (दुध) बजारिकरणको ब्यवस्था प्रथम पक्षले गर्नेछ । अन्यन्त्र विक्रि वितरण गर्नु पर्ने भएमा प्रथम पक्षको स्वीकृती लिएर मात्र गर्नुपर्नेछ ।

| **दोस्रो पक्षको तर्फवाट :** | **पहिलो पक्षको तर्फवाट :** |
|---|---|
| हस्ताक्षर : .......................................... | हस्ताक्षर : ................................................. |
| नाम : | नाम : |
| पद : | पद : |
| समुह/सहकारीको छाप : | कार्यालयको छाप : |

| **साक्षीी** | **साक्षी** |
|---|---|
| हस्ताक्षर : .......................................... | हस्ताक्षर : ................................................. |
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |

इति सम्बत् ...........................साल ............................ महिना .................. गते ................ रोज शुभम् ।